म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- ९९ २०८२ फागुन १५ गते शुक्रबार 27 February 2026, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## मतदानभन्दा ७२ घण्टा अघिदेखि अन्तर्राष्ट्रिय सीमा नाका बन्द

काठमाडौं : निर्वाचन मितिभन्दा ७२ घण्टा अघिदेखि अन्तर्राष्ट्रिय सीमा नाका बन्द हुने भएको छ। निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ६ को खण्ड (झ) मा उल्लेख भएको निर्वाचन मितिभन्दा ७२ घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तर्राष्ट्रिय सीमा नाका बन्द गर्ने व्यवस्था मिलाउने निर्णय उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको छ। यसबाहके निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा तोकिएका सबै कार्यहरू समेत गरिने जनाइएको छ। यी लगायतका उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको निर्णय अनुसार आवश्यक सहजीकरण र समन्वयका लागि सम्पूर्ण सरोकारवालाहरुमा निर्वाचन आयोगले आग्रह समेत गरेको छ।

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको आफ्नै भवनबाट कार्यालय सञ्चालन

समाज संवाददाता

हेटौँडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौँडा अस्पतालको नवनिर्मित भवनबाट आफ्नो कार्यालय सञ्चालन गरेको छ। प्रतिष्ठान अन्तर्गत सञ्चालित हेटौँडा अस्पताल परिसरको नयाँ भवनबाट कार्यालयको काम सुचारु गरिएको हो।

अस्पतालको स्वास्थ्य सेवा थप गर्ने उद्देश्य राखेर निर्माण गरिएको नयाँ भवनलाई केही समयका लागि प्रतिष्ठानको कार्यालयको रुपमा सञ्चालनमा ल्याइएको छ। प्रतिष्ठानकै स्वामित्व रहने गरी ७ हजार ४ सय २६ वर्गमिटर क्षेत्रफलमा बनेको सो ५ तले भवन संघीय सरकारको २२ करोड ४६ लाख रुपैयाँमा निर्माण गरिएको हो।

विसं २०७८ असार १८ गते शहरी विकास तथा भवन कार्यालयमार्फत निर्माण कम्पनी बिकोई नवसिर्जनशील जेभीसँग २ वर्षको निर्माण सम्झौता गरे पनि निर्माण पूरा नभएपछि २०८० मा पुनः २ वर्ष म्याद थप गरी गत पुस महिनामा निर्माण सम्पन्न भएको थियो। यो भवन बन्नुअघि प्रतिष्ठानले आफ्ना शैक्षिक तथा प्रशासनिक क्रियाकलाप भाडाका भवनहरु र अन्य सरकारी भवनहरुबाट सञ्चालन गर्दै आइरहेको थियो।

भवन अभाव खपिरेहको प्रतिष्ठानलाई यो भवन बनिसकेपछि काम गर्न सहज बनाएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रमुख प्रशासकीय अधिकृत अमर अधिकारीले जानकारी दिनुभयो। अस्पतालको विभिन्न सेवा वृद्धि गरी २ सय शैयाको अस्पताल सञ्चालन गर्ने प्रतिष्ठानको योजनालाई भवन निर्माण भइसकेपछि बढाउन सकिने बताउनुभएको छ। अहिले यस भवनको माथिल्लो तलामा रजिष्ट्रारको कार्यालय, भिसीको कार्यालय, शिक्षाध्यक्षको कार्यालय, डिनको कार्यालय, मेडिकल एजुकेशन कार्यालय र प्रशासनिक कार्यालय सञ्चालनमा ल्याइएको छ।

यस्तै, तेस्रो तलामा भने यस वर्षबाट प्रतिष्ठानले सुरु गर्न लागेको एमबीबीएसको पठनपाठनका लागि कक्षा कोठाहरु तयार पारिएका छन्। एमबीबीएस कार्यक्रमका लागि ५० जनाको काटा रहेकोमा हालसम्म ४६ जना भर्ना भइसकेको र ४ जना भारतीय विद्यार्थीहरु पनि रहेको प्रतिष्ठानले जनाएको छ। यहि फागुन मसान्तबाट एमबीबीएस कक्षासमेत सुरु हुने प्रतिष्ठानका प्रमुख प्रशासकीय अधिकृत अधिकारीले जानकारी दिनुभयो।

यसवर्ष प्रतिष्ठानमा एमबीबीएस कार्यक्रम अर्न्तगत ५० कोटामध्ये ४६ जना, ३० जनाको कोटा रहेको फार्मेसीमा २६ जना तथा नर्सिङमा २६ जना, २० जना कोटा रहेका बीपीएच (जनस्वास्थ्य) विषयमा १३ जना र ल्याब मेडिसिन विषयमा १८ जना नयाँ विद्यार्थी भर्ना भएको प्रतिष्ठानले जनाएको छ। यी विषयहरुमध्ये एमबीबीएस पहिलो ब्याच, नर्सिङ चौथो ब्याच तथा बाँकी कोर्सहरुका पाँचौं ब्याचको पठनपाठन भइरहेको छ।

नयाँ भवन निर्माणसँगै हेटौँडा अस्पतालको सेवा थप्नेसमेत तयारी रहेको छ। हेटौँडा अस्पतालको परिसरमा निर्माण गरिएको १ सय ५० कोठाहरु रहेको सो भवनमा हाललाई दुई तलामात्र स्वास्थ्य सेवाका लागि उपयोगमा ल्याइने हेटौँडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रामचन्द्र सापकोटाले बताउनुभयो। उहाँका अनुसार प्रशासनिक तथा शैक्षिक कामबाहेकका बाँकी दुई तलाहरुमा स्वास्थ्य सेवाका केही ओपीडी, केही वार्ड राख्ने अस्पतालको योजना छ। मेडिकल सुपरिटेन्डेन्ट डा सापकोटाका अनुसार हाल अस्पताल सञ्चालन गर्न स्रोत साधन र स्थान नपुगेका सेवाहरु नवनिर्मित भवनमा स्तरोन्नतिसहित सेवा थप गर्दै जाने अस्पतालको योजना छ।

हाल अस्पतालमा नरहेको आँखाको ओपीडी, नाक, कान, घाँटीको सेवा विस्तार तथा स्तरोन्नतिसहितको ओपीडी सञ्चालन गरिनेछ। हाल अस्पतालमा रहेको डायलासिस सेन्टरमा दैनिक ४० देखि ४४ जनाको डायलासिस गराउँदै आएकोमा मेसिन तथा सेवा थप गरी दैनिक ७० भन्दा बढीलाई डायलासिस सेवा उपलब्ध गराउने लक्ष्य राखेको पनि डा सापकोटाले बताउनुभयो। मृगौला सम्बन्धी अन्य रोगहरुको उपचार पनि यहींबाट सञ्चालन गर्ने अस्पतालको तयारी छ।

यस्तै, अस्पतालमा रहेको साइकाइट्रिक (मनोरोग) वार्डलाई समेत यसै भवनमा स्थानान्तरण गर्ने तयारी रहेको छ। यस भवनमार्फत मृगौला, न्युरोलगायतका ओपीडीलाई विस्तारित रुपमा सेवा प्रदान गर्ने तयारी भइरहेको पनि डा सापकोटाले स्पष्ट पार्नुभयो। अस्पतालले यस भवनमा मनोरोग वार्ड तथा मृगौला विशेष सेवा छुट्याई बाँकी स्थानमा सामान्य बिरामीका लागि जनरल वार्ड पनि विस्तार गर्ने लक्ष्य राखेको छ भने प्रतिष्ठानको शैक्षिक भवन निर्माणपछि पूरै भवनमा स्वास्थ्य सेवा सञ्चालन गर्ने अस्पतालको तयारी छ। यसै आर्थिक वर्षमा अस्पतालमा एउटा एनआईसीयु तथा पीआईसीयु निर्माण तथा सञ्चालन गर्ने तयारी गरेको अस्पतालले जनाएको छ।

# दुर्घटनामा मोटरसाइकलमा सवार २ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा-१९, बस्तीपुरमा मोटरसाइकल र ट्रक आपसमा ठोक्किएर दुर्घटना भएको छ। बुधबार बिहान ५ बजेको समयमा भएको दुर्घटनामा परी मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ।

हेटौँडा बजारबाट मनहरीतर्फ जाँदै गरेको ना ४३ प २२१ नम्बरको मोटरसाइकल र नेवारपानीबाट हेटौँडातर्फ आउँदै गरेको ग २ ख ८९८ नम्बरको ट्रक आपसमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ। दुर्घटनामा परी मोटरसाइकल चालक मकवानपुरको राक्सिराङ गाउँपालिका-१ का २२ वर्षीय संजित स्याङतान र मोटरसाइकल पछाडि सवार राक्सिराङ गाउँपालिका-१ कै १८ वर्षीय अमोश थिङको मृत्यु भएको हो। दुर्घटनामा परी गम्भीर घाइते भएका संजित र अमोशको उपचारको क्रममा ५ बजेर ५२ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। प्रहरीले ट्रकलाई पर्सा जिल्लाको बीरगन्ज महानगर पालिका-१३ स्थित एक ग्यारेजमा भेटेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। प्रहरीले ट्रक चालक बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिका-३ का ३६ वर्षीय अनिल साहको खोजी कार्य भइरहेको जनाएको छ।

# चट्याङ लागेर १ जनाको मृत्यु, २ जना घाइते

समाज संवाददाता

हेटौँडा : धादिङ जिल्लामा चट्याङ परेर एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्। मंगलबार दिउँसो ४ बजेको समयमा त्रिपुरासुन्दरी गाउँपालिका-३, खुर्सानिटारमा घर नजिकै चट्याङ पर्दा स्थानीय सम्झना थापा मगरको घरमा आएका पाहुनाहरु घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। घाइतेहरुलाई उपचारका लागि आरुघाट स्वास्थ्य केन्द्र गोरखा पठाइएको थियो। गोरखा जिल्लाको सहिद लखन गाउँपालिका-८ की १३ वर्षीया विनिसा घर्ती मगरलाई मंगलबार साँझ ५ बजेर १४ मिनेटको समयमा डाक्टरले मृत्त घोषणा गरेको प्रहरीले जनाएको छ। यसैगरी मृत्तक मगरकी दिदी १५ वर्षीया दीक्षा घर्ती मगर र भिमसेन थापा गाउँपालिका-६ का २४ वर्षीय वीरेन्द्र थापा मगर चट्याङ लागेर घाइते भएका छन्। घाइतेहरुको आरुघाट स्वास्थ्य केन्द्रमा उपचार भइरहेको प्रहरी जनाएको छ।

# फागुन २० गते रातिदेखि मतदान सम्पन्न नहुँदासम्म सवारी साधन सञ्चालनमा रोक लगाइने

काठमाडौंः निर्वाचन आयोगले फागुन २० गते राति १२ बजेदेखि मतदान सम्पन्न नहुँदासम्म सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनमा रोक लगाइने जनाएको छ। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने सम्बन्धमा निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ को दफा ३ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले मतदानको दिन अत्यावश्यकबाहेकका सवारी सञ्चालनमा रोक लगाइने निर्णय गरेको हो।

निर्वाचनको दिन एम्बुलेन्स, दमकल, शवबाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारी साधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने, कूटनीतिक नियोगका सवारी साधनमात्र सञ्चालन गर्न पाइनेछ। निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारी साधन तोकिएको क्षेत्रमा सञ्चालन गर्न पाइने भए पनि अन्य सार्वजनिक तथा निजी सवारी साधन फागुन २० गते राति १२ बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउने निर्णय गरेको आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

मतदानको मितिभन्दा सातदिन अघिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादकपदार्थ बिक्रीवितरण तथा सेवन गर्न मुलुकभर प्रतिबन्ध लगाउन गृहमन्त्रालयलाई पत्र पठाउने निर्णय गरेको छ। बैठकबाट निर्वाचन सुरक्षाका लागि ७७ वटै जिल्लामा मादकपदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबद्ध लगाउने निर्णय गरिएको हो। जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १७ र १८ बमोजिम निषेध गरिएका कार्यहरू हुन नदिने र कहीँकतै भए/गरेको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन पनि गृहमन्त्रालयमार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरिएको प्रवक्ता भट्टराईले जानकारी दिए।

उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकमा योजनाको समीक्षा, सुरक्षा वस्तुस्थितिको आँकलन तथा सुरक्षा व्यवस्थासम्बन्धी मार्गदर्शन तथा सिफारिसका आधारमा निर्वाचनलाई स्वच्छ, विश्वसनीय तथा भयरहीत वातावरणमा सम्पन्न गर्न मन्त्रालयलाई लेखी पठाउने निर्णय भएको हो। यसका लागि फागुन १८ गते राति १२ बजेदेखि लागू हुने निर्वाचन प्रचारप्रसार निषेध अवधिमा पालना गर्नुपर्ने निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न गराउन गृहमन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरूलाई निर्देशन दिएको छ।

उनका अनुसार मतदानको दिनमा अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडानहरु यथावत् सञ्चालनको व्यवस्था मिलाइएको छ। अन्तर्राष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलबाट घर/बसोबास गर्ने होटलसम्म र घर/बसोबास गर्ने होटलबाट विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिने व्यवस्था मिलाइएको छ। निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ६ मा उल्लेख भएबमोजिम निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा तोकिएका सबै कार्यहरूसहित सोही दफाको खण्ड (झ) मा उल्लेख भएको निर्वाचन मितिभन्दा ७२ घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तर्राष्ट्रिय सीमानाका बन्द गर्ने व्यवस्था मिलाउन पनि आयोगले गृहमार्फत ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पत्र लेखी पठाएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन (मतदान) निर्देशका, २०८२ को दफा ४३ तथा दफा ८४ मा मतदाताले मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा वा सवारीचालक अनुमतिपत्र लिएर मतदान केन्द्रमा जानुपर्ने गरी व्यवस्था गरिएकाले सोबमोजिम कुनै एउटा कागजात साथमा लिएर मतदान गर्न जाने मतदाता नामावलीमा नाम भएका मतदाताले मतदान गर्न पाउनेबारे मतदानमा खटिने सुरक्षाकर्मी, कर्मचारी र सरोकार भएका सबैलाई सूचना सम्प्रेषण गर्न पनि निर्देशन दिइएको प्रवक्ता भट्टराईले जानकारी दिए। *(स्रोतः सेतोपाटी)*



## सम्पादकीय

# चुनाव खर्चको हिसाब

निर्वाचनमा प्रचारप्रसारका लागि कार्यकर्ता परिचालन तथा आवश्यक सामग्रीका लागि खर्च आवश्यक हुन्छ । निर्वाचन आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अथवा प्रत्यक्षतर्फका उम्मेदवारका लागि निर्वाचन क्षेत्रको भौगोलिक अवस्था एवम् मतदाता संख्याका आधारमा खर्चको सीमा तोकिदिएको छ । आयोगले प्रत्येक उम्मेदवारका लागि २२ देखि ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने सीमा तोकेको छ । आयोगले तोकेको सीमाअनुसार मकवानपुर जिल्लाका उम्मेदवारहरुले पनि ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउनेछन् । आयोगले निर्वाचन खर्चलाई पारदर्शी र मितव्ययी बनाउन अन्य व्यवस्थाहरु पनि गरेको छ । हरेक उम्मेदवारले निर्वाचन आयोग तथा कार्यालयको सिफारिसमा निर्वाचनमा खर्च गर्नका लागि अलग्गै बैंक खाता खोल्नुपर्ने व्यवस्था गरेको छ । उक्त बैंक खाताको कारोबार र उम्मेदवारले गरेको खर्चको अनुगमन गरेर आयोगमा प्रतिवेदन पेश गर्नका लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई जिम्मेवारी समेत दिएको छ ।

निर्वाचनलाई मितव्ययी बनाउने भनिए पनि मुलुकको निर्वाचन प्रणाली ज्यादै खर्चिलो बनिरहेको छ । अहिले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सरकारको तर्फबाट मात्रै ३० अरब भन्दा बढी खर्च गरिँदैछ । प्रत्यक्षतर्फ ३ हजार ४ सय ६ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । एउटा उम्मेदवारले औसतमा २५ लाखमात्र खर्च गर्दा पनि ८ अरब ५० करोडभन्दा बढी हुन्छ । समानुपातिकतर्फका एक हजार २ सय ७० उम्मेदवारले जनही १० लाखमात्र खर्च गरे भने पनि एक अरब २७ करोड खर्च हुन्छ । अर्थात् उम्मेदवारहरुले आयोगले तोकेको खर्चको सीमाभित्र रहेर खर्च गर्ने हो भने पनि १० अरबको हाराहारीमा खर्च हुने देखिन्छ । निर्वाचनमा सहभागी भएका राजनीतिक दलहरुले गर्ने खर्च पनि जोड्दा यो रकम अझ बढी हुन्छ । उम्मेदवारका सहयोगीहरुले गर्ने खर्चसमेत हिसाब गर्ने हो भने खर्च रकम झनै बढी हुने निश्चित छ ।

निर्वाचनमा उम्मेदवार बनेपछि गर्ने खर्चमात्र होइन, उम्मेदवार बन्नका लागि समेत पार्टी तथा शीर्ष नेतालाई करोडौं बुझाउनुपर्ने भनाइ सार्वजनिक भएकै छन् । जित्ने सम्भावना भएका उम्मेदवारको आग्रहमा उद्योगी, व्यवसायी, बिचौलिया तथा आफन्तले गर्ने खर्चको हिसाब अलग्गै छ । निर्वाचनमा सक्नेले खर्च गर्दा कतिपय उम्मेदवारलाई भने चुनावको खर्च जुटाउन धौ-धौ परिरहेको छ । पर्याप्त खर्च गर्न नसक्ने भएकै कारण कतिपय प्रभावशाली नेताहरुले पनि निर्वाचनमा उम्मेदवार हुनबाट वञ्चित हुनुपरेको छ ।

निर्वाचन आयोगले चुनावलाई मर्यादित र मितव्ययी बनाउन धेरै कुरामा बन्देज लगाएको छ । कडा प्रावधानसहितको आचारसंहिता लागू गरेर कार्यान्वयन गराउने प्रयास गरिरहेको छ । आचारसंहितामा तोकिएको खर्चको सीमा र अन्य प्रावधानको पालना नहुँदा कतिपय उम्मेदवारले निर्वाचनकै लागि करोडौं खर्च गरिरहेको अवस्था छ । निर्वाचन खर्चको लागि बैंक खाता खोल्नुपर्ने भनिए पनि नगदमै लेनदेन भएर हुने कारोबारको प्रभावकारी अनुगमन नहुँदा बैंक खाता हात्तीको देखाउने दाँतजस्तै हुने सम्भावना छ । निर्वाचन प्रचारप्रसारको क्रममा हुने खर्चको स्रोत खोजी गर्ने स्पष्ट व्यवस्था नहुँदासम्म चुनावमा हुने खर्च पारदर्शी बनाउन सकिने अवस्था छैन ।

निर्वाचनमा करोडौं खर्च गर्न जुन स्रोतबाट रकम आए पनि निर्वाचित भएपछि त्यसको परिपूर्ति गर्नुपर्ने हुन्छ, जसले भ्रष्टाचार बढाउने गर्दछ । निर्वाचनमा हुने खर्चलाई लगानी गरेजस्तो सोचका कारण खर्च गर्ने प्रतिस्पर्धा चलिरहेको हुनसक्छ । निर्वाचनको बेलामा हुने चन्दा आतङ्क र गरिने खर्चले विकृतिको रुप लिइरहेको हुँदा यसलाई निरुत्साहित गर्न प्रभावकारी नियमन आवश्यक देखिन्छ । सबै राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आयोगमा बुझाएको खर्च र त्यसको स्रोतको बैधता परीक्षण हुनु आवश्यक छ । साथै हरेक उम्मेदवारले आफूले निर्वाचनमा गरेको खर्च र त्यसको स्रोत मतदातासमक्ष सार्वजनिक गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक एवम् सामाजिक काममा मन जाने योग छ ।
**वृष** : भावना र कल्पनामा रमाइने समय योग देखिन्छ ।
**मिथुन** : आवेग र अनियमिततासँग सजगता अपनाउनुपर्ला ।
**कर्कट** : मनमा प्रसन्नता बढ्ने समय योग छ ।
**सिंह** : क्रोध र उद्वेग नियन्त्रण गर्दा राम्रो रहने छ ।
**कन्या** : धार्मिक एवम् परोपकारजन्य काममा मन जाला ।
**तुला** : निर्णय क्षमतामा निखार आउने समय छ ।
**वृश्चिक** : प्रयत्नले काममा सफलता प्राप्त हुनेछ ।
**धनु** : आपसी सम्बन्धले पनि मनोमालिन्य बढ्ने समय छ ।
**मकर** : आत्मबलले सफलताको नेतृत्व गर्ने योग छ ।
**कुम्भ** : अहंकार र घमण्ड त्याग गर्दा राम्रो रहने छ ।
**मीन** : उदार स्वभावको फाइदा अरुले उठाउने समय योग छ ।

# नाराबाट नतिजातर्फ : चुनावी राजनीति र जनअपेक्षा



✍रित बहादुर श्रेष्ठ

नेपाल नजिकिँदो चुनावको संघारमा उभिएको छ, तर देशको भविष्य अझै दिशाविहीन देखिन्छ। निर्वाचन यहाँ सत्ता परिवर्तनको प्रक्रिया बनेको छ, शासन सुधारको माध्यम बन्न सकेको छैन। यही दोहोरिँदो असफलताले चुनावप्रतिको जनविश्वास खस्किँदै गएको छ। राजनीतिक दलहरु भविष्यको सपना बाँड्छन्, तर विगतका असफलताप्रति मौन छन् । घोषणापत्रहरू नाराले भरिन्छन्, तर जवाफदेहिता रिक्त हुन्छ। सत्ता प्राप्तिपछि जनताको स्थान शक्ति केन्द्रले लिने परम्पराले लोकतन्त्रलाई खोक्रो बनाइरहेको छ। नीति होइन संख्या, विचार होइन गठबन्धन र जिम्मेवारी होइन अवसरवादले राजनीतिलाई चलाइरहेको यथार्थ स्पष्ट छ।

लोकतन्त्रको सार जनताको सार्वभौमसत्तामा निहित हुन्छ र त्यस सार्वभौमसत्ताको व्यावहारिक अभिव्यक्ति चुनाव हो । नेपाल जस्तो बहुदलीय लोकतान्त्रिक व्यवस्थामा चुनाव केवल प्रतिनिधि चयनको प्रक्रिया मात्र होइन, जनभावना, असन्तुष्टि र आशाको सामूहिक अभिव्यक्ति पनि हो । आउँदै गरेको चुनावले नेपाली राजनीतिलाई पुनः एक निर्णायक मोडमा पुर्‍याएको छ।

नेपालको राजनीतिक अभ्यास हेर्दा जनताले लामो समयदेखि परिवर्तनका लागि संघर्ष गर्दै आएका छन् । राजनीतिक परिवर्तन भए, व्यवस्था फेरियो, संविधान निर्माण भयो, तर जनताको दैनिकीमा अपेक्षित परिवर्तनको अनुभूति अझै सशक्तरूपमा हुन सकेको छैन । यही पृष्ठभूमिमा वर्तमान चुनावलाई जनताले विगतको समीक्षा र भविष्यको मूल्याङ्कन गर्ने अवसरका रूपमा लिएका छन्। देशको भविष्य भनिने युवा पुस्ता रोजगारी र अवसरको खोजीमा देश बाहिरिनु सबैभन्दा गम्भीर संकेत हो। जब मतदान केन्द्रभन्दा विमानस्थल व्यस्त हुन्छ, तब चुनावले भविष्य निर्माण गर्न सक्दैन । शिक्षा, रोजगारी र न्यायमा असफल राज्यप्रति नागरिकको भरोसा कमजोर हुनु स्वाभाविक हो।

राजनीतिक दलहरू लोकतन्त्रका प्रमुख संरक्षक मानिन्छन्। चुनाव नजिकिँदै जाँदा दलहरूले विकास, सुशासन, सामाजिक न्याय, रोजगारी र समृद्धिका आकर्षक प्रतिबद्धता सार्वजनिक गर्दछन्। यद्यपि, विगतमा यस्ता प्रतिबद्धताहरू कागजमै सीमित भएको अनुभवले जनतालाई सचेत मात्र होइन, शंकालु पनि बनाएको छ। आजको राजनीतिक चुनौती भनेको भाषण र घोषणापत्रभन्दा माथि उठेर विश्वसनीयता र कार्यक्षमता प्रमाणित गर्नु हो।

राजनीतिक दलहरूभित्र विद्यमान गुटबन्दी, सत्ता केन्द्रित सोच र अल्पकालीन लाभमुखी राजनीतिले लोकतान्त्रिक मूल्यलाई कमजोर बनाउँदै आएको छ । यसले राजनीतिक स्थायित्वमा असर पुर्‍याउनुका साथै जनविश्वासमा क्षय ल्याएको छ । यद्यपि पछिल्लो समय उदाएका वैकल्पिक राजनीतिक शक्तिहरूले परम्परागत राजनीतिमा प्रश्न उठाएका छन्, जसले प्रतिस्पर्धा र बहसलाई नयाँ आयाम दिएको छ।

जनताको आकांक्षा अब स्पष्ट र यथार्थपरक बन्दै गएको छ । युवाहरू स्वदेशमै अवसर खोजिरहेका छन्, अभिभावकहरू गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको माग गरिरहेका छन्, किसान र श्रमिकहरू आर्थिक सुरक्षा र सम्मानजनक जीवनको अपेक्षा राखिरहेका छन्। यी सबै अपेक्षाको केन्द्रमा सुशासन, कानुनी शासन र जवाफदेही नेतृत्व रहेको देखिन्छ।

लोकतन्त्रको सफलताका लागि सचेत नागरिकको भूमिका निर्णायक हुन्छ । मतदाताले भावनात्मक प्रभाव, जातीय आग्रह वा क्षणिक लाभभन्दा माथि उठेर उम्मेदवारको नैतिकता, योग्यता र प्रतिबद्धताको मूल्याङ्कन गर्नुपर्छ । विवेकशील मत प्रयोग लोकतन्त्रको सुदृढीकरणको आधार हो । समस्या चुनावमा होइन, त्यसलाई प्रयोग गर्ने राजनीतिक संस्कारमा छ। सचेत नागरिक र उत्तरदायी नेतृत्व बिना चुनाव केवल औपचारिकतामा सीमित हुन्छ। यदि यो चुनाव पनि पुरानै अभ्यासको निरन्तरता बन्यो भने, जित्ने लोकतन्त्र होइन निराशा हुनेछ । नेपालको भविष्य मतपेटिकाभन्दा बाहिर होइन, त्यसको सही प्रयोगमा निर्भर छ।

अन्ततः आउँदै गरेको चुनाव राजनीतिक दल र जनताको साझा उत्तर दायित्वको परीक्षा हो । राजनीतिक दलहरूले जनआकांक्षालाई नीतिगत र व्यवहारिक रूपमा सम्बोधन गर्न सक्नुपर्छ भने जनताले पनि आफ्नो मतको मूल्य बुझ्नुपर्छ। जब सचेत नागरिक र उत्तरदायी नेतृत्व एकै दिशामा अघि बढ्छन्, तब लोकतन्त्र सशक्त बन्छ र राष्ट्र समृद्धिको मार्गतर्फ अग्रसर हुन्छ भन्ने कुरामा दुई मत छैन।

# चित्र, चरित्र र चित्रण : समाजको दर्पण



✍श्रद्धा अधिकारी

मानिसको पहिचान मूलतः दुई तहमा विभाजित हुन्छ । एउटा उसको बाहिरी आवरण अर्थात् चित्र र अर्को उसको भित्री गुण अर्थात् चरित्र । 'चित्र' भन्नाले मानिसको भौतिक रूप, अनुहारको आकृति, पहिरनको शैली, बोलीचालीको ढाँचा, र बाहिरी आकर्षणलाई बुझिन्छ । यो ती सबै पक्षहरूको समष्टि हो जुन हामीले प्रत्यक्ष रूपमा देख्न, छुन र अनुभव गर्न सक्छौं । 'चरित्र' भन्नाले भने मानिसको आन्तरिक स्वभाव, आचरण, नैतिक मूल्य, विचार, संवेदना, र मानवीय गुणहरूलाई बुझिन्छ । नेपाली समाज र साहित्यमा चित्र र चरित्रबीचको सम्बन्धलाई धेरै प्रकारले व्याख्या गरिएको छ। एउटा प्रचलित उखान छः 'चित्र होइन, चरित्र हेर्नु, व्यक्ति होइन, व्यक्तित्व हेर्नु ।' यस उखानले मानिसको बाहिरी देखावटीपन भन्दा उसको भित्री गुण र आचरण ठूलो हुने सन्देश दिन्छ। अर्को भनाइ पनि प्रचलित छः 'चित्र हेरेर चरित्रको व्याख्या कहिले नगर्नुहोस्, अक्सर मानिसको चरित्र व्यवहारमा देखिन्छ, चित्रमा होइन।' यसले बाहिरी आवरण भ्रामक हुन सक्छ भन्ने यथार्थलाई इंगित गर्दछ । हाम्रो समाज बाहिरी आडम्बर, प्रदर्शन र देखावटीपनलाई धेरै महत्व दिने समाज हो । मानिसको पहिरन, गहना, गाडी, घर, र सामाजिक स्थितिलाई नै उसको पहिचानको आधार मानिन्छ । तर, वास्तविक चरित्र भने यी सबैभन्दा भिन्न हुन सक्छ। एउटा सम्पन्न र शक्तिशाली देखिने व्यक्ति चरित्रहीन हुन सक्छ भने एउटा साधारण र गरिब देखिने व्यक्ति महान चरित्रको धनी हुन सक्छ।

धार्मिक र आध्यात्मिक क्षेत्रमा पनि चित्र र चरित्रको प्रश्न उत्तिकै महत्वपूर्ण छ। एउटा आलेखमा भनिएको छः 'जुन समाजमा धेरै मन्दिर, चर्च, मस्जिद र गुम्बा बन्दछन त्यो समाजले धेरै मागन्त, भिखारी, रोगी, भाग्यमा विश्वास गर्ने र मृत्युपछिको भविष्य सुन्दर बनाउनेहरुको संख्याहरु वृद्धि गर्दछ । त्यसैगरी जुन समाजले धेरै विद्यालय र अस्पताल निर्माण गर्दछ त्यसले डाक्टर, औषधी उपचार सहितको सभ्य समाज निर्माण गर्दछ।'

यसले धार्मिक चित्र-मन्दिर, मूर्ति, धार्मिक प्रतीकको पूजा गर्ने कि वास्तविक चरित्र-शिक्षा, स्वास्थ्य, मानव सेवा निर्माण गर्ने भन्ने प्रश्न उठाउँदछ । यसले हामीलाई एउटा गहन प्रश्नको सामना गराउँदछ । के हामी चित्रको पूजा गरिरहेका छौं कि चरित्रको ? के हामी बाहिरी आडम्बर र प्रदर्शनमा रमाइरहेका छौं कि वास्तविक मानवीय मूल्य र सेवामा ? मानिसले आफ्नो धार्मिक आस्थालाई पनि प्रायः बाहिरी आडम्बर र प्रदर्शनको माध्यमबाट देखाउन खोज्दछ। ठूला-ठूला मन्दिर निर्माण, भव्य धार्मिक समारोह, महँगो पूजा-आजा, यी सबै चित्रको पक्ष हुन् । तर वास्तविक चरित्र त के हो भने मानिसले अर्को मानिसलाई मद्दत गर्नु, दुःखीलाई सहारा दिनु, समाजको सेवा गर्नु ।

दार्शनिक दृष्टिकोणले हेर्दा चित्र र चरित्रको प्रश्न मानिसको अस्तित्व, पहिचान र मूल्यसँग जोडिएको छ । 'अचम्मको कुरा के भने प्रत्येकसँग एक 'दर्शन' हुन्छ। दर्शन संसारलाई हेर्ने एक तरिका हो । हामी सबै के मान्छौं भने हामी सही र गलत, असल र खराबको बीचमा फरक छुट्ट्याउन जान्दछौं।' यसले मानिसको चरित्र नै उसको दर्शन हो भन्ने संकेत गर्दछ । मानिसले संसारलाई कसरी हेर्छ, के सही र के गलत ठान्छ, यिनै कुराले उसको चरित्र निर्माण गर्दछ।

मनोवैज्ञानिक दृष्टिकोणले हेर्दा मानिसको चरित्र उसको बाल्यकालको संस्कार, पारिवारिक वातावरण, सामाजिक प्रभाव, र व्यक्तिगत अनुभवहरूको जटिल उपज हो। चित्र भने प्रायः आनुवंशिक र जैविक कारकहरूले निर्धारण गर्दछ । विकिपिडियाको 'मानिस' पृष्ठमा उल्लेख गरिए अनुसार, मानिस 'उच्च विकसित मस्तिष्क हुन्छ जुन आमूर्त तर्क, भाषा, अन्तरावलोकन, र समस्या समाधानमा सक्षम हुन्छ।' यो मस्तिष्कको विकास र चेतनाको स्तरले नै मानिसको चरित्र निर्धारण गर्दछ । सुकरात जस्ता महान दार्शनिकले चरित्रको लागि मृत्युवरण गरेको उदाहरण यस सन्दर्भमा उल्लेखनीय छ । एउटा लेखमा उल्लेख गरिए अनुसार, एथेन्स सरकारले सुकरातलाई दुई विकल्प दिएको थियो। एउटा एथेन्स छोड्नु, दोस्रो हेमलक विष पिउनु । सुकरातले आफ्नो चरित्र र सिद्धान्तसँग सम्झौता नगर्ने निर्णय गर्दै मृत्यु रोजे । यो मानिसको चरित्र कति बलियो हुन सक्छ भन्ने उदाहरण हो । उनले आफ्नो चित्र भन्दा आफ्नो चरित्रलाई ठूलो ठाने।

वर्तमान युगमा चित्र र चरित्रको प्रश्न अझ जटिल बनेको छ। सामाजिक सञ्जालको युगमा मानिसले आफ्नो 'चित्र'लाई अत्यन्त परिष्कृत र आकर्षक बनाएर प्रस्तुत गर्न सक्छ । फेसबुक, इन्स्टाग्राम, टिकटक जस्ता प्लेटफर्महरूमा मानिसले आफ्नो जीवनको सुन्दर, सफल, र आकर्षक पक्ष मात्र देखाउँदछ। तर यी चित्रहरू पछाडिको वास्तविक चरित्र के हो, त्यो थाहा पाउन गाह्रो हुन्छ । धेरै मानिसहरू सामाजिक सञ्जालमा एउटा चरित्र देखाउँछन् तर वास्तविक जीवनमा अर्कै चरित्र हुन्छ । कोरोना महामारीको समयमा नेपाली समाजको चित्र र चरित्र दुवै स्पष्ट रूपमा देखियो । एकातिर राहतको खानाका लागि लाइन लाग्ने गरिब र श्रमिक वर्गको पीडादायी चित्र थियो भने अर्कोतिर आफ्नो विलासिता र भोजभतेरको तस्बिर सामाजिक सञ्जालमा राख्नेहरूको चरित्र पनि देखियो । केही मानिसहरूले अरूको दुःखमा मद्दत गरे, केहीले अवसरको फाइदा उठाए । यसले समाजको वास्तविक चरित्र उजागर गरिदियो।

नैतिक दृष्टिकोणले हेर्दा, चित्र भन्दा चरित्र ठूलो हो । 'सबै मानिस शिक्षित हुँदैमा नैतिकवान हुँदैन । तसर्थ शिक्षित हुनु र नैतिकवान हुनु फरक कुरा हो ।' यसले हामीलाई एउटा महत्वपूर्ण सत्य सम्झाउँदछः शिक्षा, धन, प्रतिष्ठा, यी सबै चित्रको पक्ष हुन् । नैतिकता, इमान्दारिता, दया, करुणा, यी हुन् चरित्रको पक्ष। मानिससँग उच्च शिक्षा, ठूलो धन र उच्च सामाजिक प्रतिष्ठा हुन सक्छ, तर यदि उसमा नैतिकता छैन भने, उसको चरित्र खराब नै मानिन्छ । चरित्रवान मानिसले मात्र समाजलाई सही दिशा देखाउन सक्छ। चरित्रवान मानिसले मात्र अरूको दुःखमा सहानुभूति देखाउन सक्छ। चरित्रवान मानिसले मात्र आफ्नो स्वार्थ भन्दा समाजको हित ठूलो ठान्न सक्छ।

निष्कर्षमा, मानिसको चित्र र चरित्र दुवै महत्वपूर्ण छन् । 'जनावरले पनि आफ्नो जातलाई क्षति गरी आहार बनाउँदैन, सिंहले सिंह मार्दैन, बाघले बाघको शिकार गर्दैन ।' तर मानिसले मानिसलाई नै शोषण गर्दछ, मार्दछ, र ठग्दछ । यसले मानिसको चरित्र कति गिरेको छ भन्ने देखाउँदछ । त्यसैले, आजको आवश्यकता भनेको मानिसको चरित्र सुधार्नु हो। चित्रलाई सिंगार्नु मात्र पर्याप्त छैन, चरित्रलाई पनि निखार्नु पर्छ । मानिसले साँचो अर्थमा 'होमो सेपियन्स' (बुद्धिमान प्राणी) बन्नका लागि आफ्नो चरित्रलाई उच्च बनाउनु पर्छ, किनकि चरित्र नै मानिसको वास्तविक पहिचान हो।

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक
२०८२ फागुन १५ गते शुक्रबार
27 February 2026, Friday

# दर्ता नभएका युट्युब-फेसबुक पेजबाट फैलिएको दुष्प्रचारमाथि काउन्सिलको कडा निगरानी

काठमाडौँः प्रेस काउन्सिल नेपालले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी मिडियाको रूपमा दर्ता वा अभिलेखीकरण नभई सामाजिक सञ्जालमार्फत सञ्चालन भइरहेका प्लेटफर्मबाट फैलाइने भ्रामक तथा द्वैषपूर्ण सामग्रीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। बिहीबार काउन्सिलले विज्ञप्ति जारी गर्दै युट्युब च्यानल, फेसबुक पेज तथा रिलमार्फत निर्वाचनमा सहभागी राजनीतिक दल तथा उम्मेदवारलाई होच्याउने, अपमान गर्ने, दुष्प्रचार गर्ने तथा मिथ्या, गलत र भ्रामक सूचना प्रवाह गर्ने गतिविधि बढ्दै गएको जनाएको हो ।

यस सम्बन्धमा काउन्सिलमा प्राप्त उजुरीका आधारमा निर्वाचन आयोगसँग समन्वय भई अनुगमन प्रक्रिया अघि बढाइएको जनाइएको छ। विशेष अनुगमनका क्रममा कानुनअनुसार दर्ता वा अभिलेखीकरण नगरी सञ्चालन गरिएका सामाजिक सञ्जालबाट प्रचलित निर्वाचन आचार संहिताको गम्भीर उल्लंघन भएको देखिएको काउन्सिलले जनाएको छ ।

काउन्सिलले त्यस्ता प्लेटफर्मलाई नोटिसमा राख्दै आचारसंहिता विपरीत सामग्री तत्काल स्थगन गर्न, साथै नियमानुसार दर्ता तथा अभिलेखीकरण गरी कानुन, आचारसंहिता र पत्रकारिताका पेसागत मूल्य-मान्यताभित्र रही सामग्री सम्प्रेषण गर्न निर्देशन दिएको छ । निर्देशनको अवज्ञा गर्दै पटक-पटक नियमविपरीत सामग्री प्रकाशन तथा प्रसारण गर्ने सञ्जालविरुद्ध अनुसन्धान तथा कारबाहीका लागि नेपाल प्रहरी तथा साइबर ब्युरोलगायत निकायमा पत्राचार गरिएको काउन्सिलले स्पष्ट पारेको छ ।

काउन्सिलले निर्वाचनजस्तो संवेदनशील समयमा निर्वाचनमा नकारात्मक प्रभाव पार्ने, राजनीतिक दल तथा उम्मेदवारलाई लक्षित गरी दुष्प्रचार , अपमान, भ्रामक टिकाटिप्पणी तथा द्वैषपूर्ण सूचना प्रवाह गर्ने कार्य कानुन र निर्वाचन आचारसंहिताविपरीत हुने भन्दै सामाजिक सञ्जाल प्रयोगकर्तालाई सचेत रहन आग्रह गरेको छ । यस्ता गतिविधिमा संलग्न भएमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम कारबाही हुने चेतावनीसमेत दिइएको छ । सूचना काउन्सिलका सहप्रवक्ता तथा सूचना अधिकारी रामशरण बोहराले पत्रकार आचारसंहिता तथा निर्वाचन आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण नगर्न र नगराउन सबै सरोकारवालालाई अनुरोध गरे ।

# सवारी साधनसहित १० लाखभन्दा बढी भन्सार छलीका सामान बरामद

भद्रपुर (झापा) : स्थानीय प्रशासनले भन्सार छली गरी ल्याउँदै गरिएका अवस्थामा सवारी साधनसहित १० लाख ६८ हजार ५० बराबरको मालसामान बरामद गरेको छ ।

झापा प्रहरीले आज बिहान बिर्तामोड नगरपालिका-८ गरामनीस्थित मदनपुर-विर्तामोड सडकखण्डमा जाँचका क्रममा भन्सार छलीका सामग्रीसहित सवारीसाधन नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काका अनुसार भद्रपुरबाट विर्तामोडतर्फ जाँदै गरेको डब्लु बी ७४ डब्लु १२९६ नम्बरको सुजुकी मारुती भ्यानलाई प्रहरी टोलीले जाँच गर्दा भन्सार छली गरी ल्याइएका विभिन्न मालसामान फेला परेका हुन् ।

उनका अनुसार उक्त सवारीसाधनमा अटो पार्टस्, हार्डवेयर सामग्री, इलेक्ट्रोनिक सामान तथा विभिन्न उपभोग्य वस्तु लोड गरी ल्याइएको अवस्थामा भेटिएको छ ।

बरामद गरिएका सामग्रीमध्ये हाइड्रोलिक जग सेट, डोर मेसिन, एक्सल मल्टिलक, पाइडल प्लेट, डिजेल पाइप, एलइडी लाइट, फ्लोर्न ग्यास, साइलेन्सर बुस, फ्युल गेजलगायत ५२ प्रकारका सामान रहेका छन् ।

बरामद गरिएको सवारीसाधन र मालसामान आवश्यक अनुसन्धान तथा कारबाहीका लागि मेची भन्सार कार्यालय पठाइएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको छ ।
*(स्रोतः अनलाइनखबर)*

# १६५ वटै निर्वाचन क्षेत्रमा पुग्यो निर्वाचन सामग्री

काठमाडौँः यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ वटै क्षेत्रमा निर्वाचन सामग्री पुगेको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणालीतर्फको गरी चार करोड ११ लाख ५३ हजार मतपत्र ७७ वटै जिल्लाका १६५ वटै निर्वाचन क्षेत्रमा पुगेको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पूर्वतयारी अन्तिम चरणमा छ ।

आयोगबाट स्वीकृत कार्य तालिकाअनुसार व्यवस्थापकीय कार्य तालिकाबद्ध र तोकिएको समयमा सञ्चालित छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्र छपाइ सम्पन्न भई ७७ वटै जिल्लामा पुगेको छ । केही सामग्री भने जिल्लामै व्यवस्थापन हुनेछ ।

निर्वाचन अधिकृतको कार्यालयबाट भने मतदान अधिकृतको जिम्मामा सबै सामग्री पठाइने आयोगले जनाएको छ । स्वीकृत कार्यक्रमअनुसार मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम यही फागुन ३ गतेदेखि जारी छ । मतदाता शिक्षा फागुन १७ गतेसम्म ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा निरन्तर सञ्चालन हुने जनाइएको छ ।

निर्वाचन आचारसंहिता अनुगमन एवम् परिपालनामा निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्रहरुले सक्रिय रुपमा कार्यसम्पादन गर्दै आएका छन् । यही फागुन ४ गतेदेखि राजनीतिक दलहरुले चुनावको मुख्य प्रचारप्रसारका गतिविधि सुरुवात गरेका छन् । प्रचारप्रसारलाई प्रचलित कानुन र आचारसंहिताको अधीनमा रही शिष्ट र मर्यादित बनाउन आयोगबाट राजनीतिक दल र उम्मेदवारहरुलाई निर्देशन भइसकेको छ । *(स्रोतः अनलाइनखबर)*

# झापामा एमाले कार्यकर्ताबाट कुटिए पत्रकार

विराटनगरः झापाको कमल गाउँपालिकामा चुनावी रिपोर्टिङमा पुगेका पत्रकारमाथि नेकपा एमालेका कार्यकर्ताले हातपात गरेका छन्। एमाले अध्यक्ष तथा झापा-५ का उम्मेदवार केपी शर्मा ओलीको घरदैलो रिपोर्टिङमा पुगेका पत्रकार अर्जुन आचार्यमाथि नेकपा एमालेका कार्यकर्ताले हातपात गरेका हुन् ।

झापाको कमल गाउँपालिकास्थित जीवन चोकमा रिपोर्टिङका क्रममा आचार्यमाथि बिहीबार दिउँसो एमालेको भोलेन्टियर्स फोर्सका व्यक्तिहरूले आक्रमण गरेको उनीसँगै रहेका पत्रकार अमृत चिमरियाले जानकारी दिए । पत्रकार चिमरियाका अनुसार घरदैलोमा रहेको भोलेन्टियर्स फोर्सका कार्यकर्ता र घरदैलोमा भेटिएका महिलाहरूबीचको भिडियो खिच्न खोज्दा आचार्यमाथि हातपात भएको हो ।

'किन खिचेको ?' भन्दै फोर्सका कार्यकर्ताले उनीमाथि आक्रमण गरेको चिमरियाले बताएका छन् । आक्रमणबाट आचार्यको आँखा, गाला र ढाडमा चोट लागेको छ। आचार्यको मोबाइल फोनसमेत खोसेर उनीहरूले लगेका छन् । उनका अनुसार आक्रमण गर्ने समूह २५६१ नम्बरको स्कर्पियोमा सवार थियो ।

आचार्य विराटनगरमा रहेर रातोपाटीका लागि कोशी प्रदेशको रिपोर्टिङ गर्छन् । पत्रकार आचार्यमाथि आक्रमण गर्नेलाई तत्काल कारबाहीको दायरमा ल्याउन नेपाल पत्रकार महासंघ मोरङकी अध्यक्ष सुशीला पाठकले माग गरेकी छन् । 'रिपोर्टिङमा रहेका पत्रकारमाथि आक्रमण हुनु प्रेस स्वतन्त्रता विरोधी कार्य हो,' मोरङकी अध्यक्ष पाठकले भनिन्, 'दोषीलाई तत्काल कारबाही गरिनुपर्छ । राज्यले पत्रकारलाई निर्बाध र सुरक्षित रूपमा रिपोर्टिङ गर्ने वातावरण सुनिश्चित गर्नुपर्छ ।' *(स्रोतः अनलाइनखबर)*

# ४८ थान राहदानीसहित विमानस्थलबाट एक जना पक्राउ

काठमाडौँः त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध रूपमा ठूलो संख्यामा नेपाली राहदानी विदेश लैजान लागेको अवस्थामा एक व्यक्ति पक्राउ परेका छन् । ४८ थान राहदानीसहित काठमाडौँको नागार्जुन नगरपालिका-१ घर भएका ४५ वर्षीय ताराचन्द चौधरीलाई विमानस्थल सुरक्षा कार्यालयको टोलीले नियन्त्रणमा लिएको हो ।

भुटान एयरलाइन्सको उडान नम्बर बी ३ ७७३ मार्फत काठमाडौंबाट दिल्ली जान लागेका चौधरीको गतिविधि शंकास्पद देखिएपछि प्रहरीले उनलाई केरकार गरेको थियो । अन्तर्राष्ट्रिय उडानतर्फको ह्याण्ड ब्यागेज चेकिङ एरियामा रहेको एक्स-रे मेसिनमा स्क्रिनिङ गर्ने क्रममा उनको कालो रंगको झोलाभित्र ठूलो परिमाणमा राहदानी लुकाएको फेला परेको थियो । प्रहरीले उनको झोलाबाट ४८ थान नेपाली राहदानी बरामद गरेको छ, जुन उनले अवैध रूपमा मुलुक बाहिर लैजाने प्रयास गरिरहेका थिए ।

यति धेरै संख्यामा राहदानी कसको हो र कुन प्रयोजनका लागि दिल्ली लैजान लागिएको हो भन्नेबारे खुल्न सकेको छैन । विमानस्थल सुरक्षा कार्यालयले उनलाई थप अनुसन्धान र आवश्यक कानुनी कारबाहीका लागि काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय पठाएको छ । *(स्रोतः रातोपाटी)*

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज**
**सुनौं र सुनाऔं**
The Voice of Community

# डलरको लोभ देखाएर ठगी गर्ने प्रहरी फन्दामा

काठमाडौँः डलर साटिदिने प्रलोभन देखाएर सर्वसाधारणलाई ठगी गर्ने एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ । काठमाडौँको नागार्जुन नगरपालिका ७, रत्नराज्य स्कुल नजिकैको जङ्गलमा डलर साटिदिने भन्दै पटक-पटक फोन गरेर बोलाइरहेको विशेष सूचनाका आधारमा प्रहरी वृत्त स्वयम्भूको टोलीले अपरेशन चलाएको थियो ।

पसलेहरूलाई फोन गरी डलरको प्रलोभन देखाउने र डलरकै आकारमा काटिएका कागजका बिटाहरू भिराएर ठगी गर्ने कार्यमा संलग्न ५१ वर्षीय देवबहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको हो । सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-६ घर भएका तामाङलाई प्रहरीले चन्द्रागिरी नगरपालिका-१३, पुरानो नैकापस्थित उनकै डेराबाट नियन्त्रणमा लिएको हो ।

प्रहरीले उनको कोठामा खानतलासी गर्दा ५० दरका ५ थान अमेरिकी डलर, १ दरका ७०७ थान अमेरिकी डलर र डलरकै साइजमा काटिएका कागजका ६ वटा बिटाहरू बरामद गरेको छ। पक्राउ परेका तामाङमाथि जिल्ला प्रहरी परिसर काठमाडौँले थप अनुसन्धान अगाडि बढाएको छ। *(स्रोतः रातोपाटी)*

# बीबीसीको रिपोर्ट हटाउन काउन्सिललाई निर्वाचन आयोगको पत्र

काठमाडौँः भदौ २३ र २४ गतेको जेनजी आन्दोलनलाई लिएर बीबीसीले प्रकाशन गरेको डकुमेन्ट्री रिपोर्ट हटाउन आग्रह गर्दै निर्वाचन आयोगले प्रेस काउन्सिललाई पत्र लेखेको छ। आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बिहीबार काउन्सिललाई पत्र पठाइएको जानकारी दिए ।

'बीबीसीको रिपोर्ट हटाउन भन्दै आयोगले पत्र पठाएको हो' उनले भने । बीबीसी वर्ल्ड सर्भिस र नेपाली सेवाले अंग्रेजी र नेपाली भाषामा दुई भिडियो रिपोर्ट बिहीबार नै सार्वजनिक गरेका थिए । रिपोर्टमा भदौ २३ र २४ गतेको जेनजी आन्दोलनलाई उतारिएको छ । रिपोर्टमा आन्दोलनको क्रममा गोली चलाउन तत्कालीन प्रहरी प्रमुख चन्द्रकुवेर खापुङले आदेश दिएको भनिएको छ ।
*(स्रोतः अनलाइनखबर)*

Government of Bagamati Province
## Ministry of Internal affairs and Law
Hetauda, Nepal

### Invitation for Electronic Bids (E-Bidding)

*(Date of publication: 2082/11/15 (2026-02-27)*

This Ministry invites electronic bids from eligible bidders under Sealed Quotation procedures for listed item.

| IFB No. | Particulars | Bid Security | Bid Fee |
|---|---|---|---|
| MOIAL/SQ/GOODS/ 2082-083/02 | Procurement of Motorcycle | NRs. 35,000 | NRs. 1,000 |

For more information visit moial.gov.np or PPMO e-GP system www.bolpatra.gov.np/egp.

## Hetauda Water Supply Management Board
Bagmati Province ,Makawanpur,Nepal

### Notice of Intention to Award the Contract

*Date of Publication 2082-11-15 (27 Febuary,2026)*

This is to notify all the concerned Bidders that Procurement Regulation of the Company, ITB 39.1 of the issued Bid Document and Public Procurement Act 2063 Clause 27(2) that the following bidder, whose offer has been determined to be the lowest evaluated bid and is substantially responsive to the Bidding Document is selected and this notice is to inform the concerned bidder regarding the intention to award the Contract in reference to the Bid notice Published on PPMO and The Kathmandu Post National Daily on 2082/09/18 (2 Jan. 2026).

| S.No. | Contract Identification Number | Contract Name | Bidder's Name and Address | Amount(including VAT) |
|---|---|---|---|---|
| 1 | HWSMB-04-2082/83 | Supply and Delivery of HDPE Pipes | Nepal Sintex Industries Pvt.Ltd | Rs.1,28,40,529.00 |



# छुट्टाछुट्टै घटनामा २ जिल्लामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको २ जिल्लामा छुट्टाछुट्टै घटनामा ३ जनाको मृत्यु भएको छ । प्रदेशको चितवन र धादिङ जिल्लामा ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

धादिङको गल्छी गाउँपालिका-४, मास्टारस्थित त्रिशुली नदी किनारमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका-१, बोलुङका २२ वर्षीय बुद्धिमान तामाङ रहेको प्रहरीले जानकारी दिएको छ ।

तामाङ गत माघ २८ गते साँझ ७ बजेर ३० मिनेटको समयमा घरायसी विवादपश्चात घरमा कसैलाई नसोधी हिँडेका थिए । उनलाई फागुन ५ गते साँझ ५ बजेर ३० मिनेटको समयमा गल्छी गाउँपालिका-१, कल्लेरीमा स्थानीय शिवप्रसाद पौडेल र नारायणी तिमल्सिनाले फेला पारी धादिङ र नुवाकोटको सिमानास्थित त्रिशुली नदीमाथिको डाँडामा रहेको अस्थायी प्रहरी पोष्ट कोल्पुटार, नुवाकोटतर्फ लैजाँदै गर्दा प्रहरीले देखेपछि उनी भागेका थिए ।

बुधबार दिउँसो १ बजेको समयमा मास्टारस्थित त्रिशुली नदी किनारमा तामाङ मृत अवस्थामा फेला परेका थिए । अनुसन्धानको क्रममा उनको मानसिक अवस्था ठिक नभएको बुझिएको प्रहरीले जानकारी दिएको छ ।

चितवनको भरतपुर महानगर पालिका-२३, खड्गौलीमा नहरको डिलबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ५५ वर्षीय लथुवा दराइ रहेको प्रहरीले जानकारी दिएको छ ।

बुधबार राति ९ बजेको समयमा घरनजिकै रहेको नहरको डिलबाट लडेर लथुवा गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । अस्पतालका चिकित्सकले राति ९ बजेर २५ मिनेटमा उनलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

चितवनकै खैरहनी नगरपालिका-९, सिमलटाँडी चोकस्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा बसको ठक्करबाट एक जना महिलाको मृत्यु भएको छ । बिहीबार बिहान १ बजेर २० मिनेटको समयमा काठमाडौँबाट धनुषातर्फ जाँदै गरेको प्रदेश १-०२-००१ ख ९०११ नम्बरको बसमा सवार धनुषा जिल्लाको धनुषा नगरपालिका-२ की ५२ वर्षीया सिकिलदेवी पूर्वेलाई सोही दिशातर्फ जाँदै गरेको बागमती प्रदेश ०१-००६ ख ५२१७ नम्बरको बसले उनलाई ठक्कर दिएको प्रहरीले जानकारी दिएको छ ।

बसको ठक्करबाट गम्भीर घाइते भएकी पूर्वेलाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएकोमा १ बजेर ३७ मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । पूर्वे सवार बस गन्तव्यतर्फ लागेको प्रहरीले जनाएको छ । ठक्कर दिने बस र चालकलाई इलाका प्रहरी कार्यालय भण्डाराले नियन्त्रणमा लिएको छ ।

# खाद्य गुणस्तर तथा बिक्रीमा लापरबाही गर्ने ६२ उद्योगविरुद्ध मुद्दा दायर

काठमाडौँः आम उपभोक्ताको स्वास्थ्यमा खेलबाड गर्ने र गुणस्तरहीन खाद्य पदार्थ उत्पादन तथा बिक्री वितरण गर्ने व्यवसायीविरुद्ध खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले कानुनी कारबाही अगाडि बढाएको छ । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा विभागले ६२ वटा उद्योग तथा व्यवसायीविरुद्ध विभिन्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा मुद्दा दायर गरेको छ ।

न्यून गुणस्तर तथा दूषित खाद्य पदार्थ उत्पादन गरेको अभियोगमा दायर गरिएका यी मुद्दाहरूमा सबैभन्दा बढी तेल तथा घ्यूजन्य पदार्थ, दूध तथा दुग्ध पदार्थ, प्रशोधित पिउने पानी, खाद्यान्न र गुलियो पदार्थ लगायतका वस्तुहरू रहेको विभागका सूचना अधिकारी बालकुमारी शर्माले जानकारी दिइन् । उनका अनुसार दायर गरिएका ६२ मुद्दामध्ये ३४ वटा न्यून गुणस्तरका, २० वटा दूषित खाद्य पदार्थसम्बन्धी, ४ वटा लेबलसम्बन्धी र ४ वटालाई ऐन विपरीत कार्यसम्बन्धी कसूरमा कारबाही प्रक्रिया अगाडि बढाइएको हो ।

विभागले सार्वजनिक गरेको दोस्रो त्रैमासिक प्रगति विवरणअनुसार बजार अनुगमनलाई व्यापक बनाइएको छ । आर्थिक वर्षको पहिलो छ महिनामा विभाग तथा मातहतका कार्यालयहरूबाट कुल ५ हजार ९ सय ६ पटक निरीक्षण अनुगमन सम्पन्न भएको छ । जसमा बजार अनुगमन १ हजार ७ सय ८ पटक, खाद्य तथा दाना उद्योग १ हजार ६ सय ६१ पटक, होटेल रेस्टुरेन्ट १ हजार ३ सय १ पटक र दुध, तेल तथा पानी उद्योगमा ४९१ पटक अनुगमन गरिएको छ ।

यसै अवधिमा उजुरी उपर तत्काल सम्बोधन टोलीमार्फत ३१३ पटक र मोबाइल खाद्य प्रयोगशाला भ्यानमार्फत ६० पटक अनुगमन गरिएको थियो । अनुगमनका क्रममा उपभोग्य मिति समाप्त भएका, अनुमति नलिएका र लेबल विवरण नखुलेका करिब २९ लाख ४ हजार १ सय ५२ रुपैयाँ बराबरको अखाद्य वस्तु जफत गरी नष्ट गरिएको छ । साथै, बेकरी, फ्रुट बेभरेज, क्यान्डी, मसला, दालमोठ लगायतका खाद्य पदार्थमा कैफियत देखिएपछि विभागले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम १३ पटक बजारबाट सामान फिर्ता गर्न आदेशसमेत जारी गरेको छ ।

खाद्य स्वच्छता जाँच्नका लागि अर्धवार्षिक अवधिमा १ हजार ४ सय ५२ वटा नमूना संकलन गरिएकोमा ९९९ वटाको प्रयोगशाला विश्लेषण सम्पन्न भइसकेको छ । परीक्षण गरिएका नमूनाहरूमध्ये २६ वटा अर्थात् २.६ प्रतिशत नमूना प्रतिकूल पाइएका छन् । प्रयोगशाला परीक्षणमा दूध, प्रशोधित पिउने पानी, तेल, घ्यू, मसला, चिया, कफी र खाद्यान्न लगायतका वस्तुहरूको नमूना मापदन्डविपरीत पाइएपछि ती उद्योगहरुमाथि अनुसन्धान र कारबाही प्रक्रिया अगाडि बढाइएको विभागले जनाएको छ । यसका साथै खाद्य स्वच्छता सर्भिलेन्स अन्तर्गत १ हजार ९ सय ७३ वटा नमूना संकलन गरी निगरानी बढाइएको छ ।

औद्योगिक नियमनतर्फ विभागले यस अवधिमा १ हजार ६ सय ५३ वटा उद्योगलाई अनुमतिपत्र जारी, नवीकरण तथा सिफारिस गरेको बताएको छ । जसमा ४३५ वटा नयाँ उद्योग स्थापनाका लागि सिफारिस गरिएको छ भने १ हजार २ सय १८ वटा उद्योगको नवीकरण तथा सिफारिस सम्पन्न भएको छ ।

आहारपूरक खाद्य पदार्थको नियमनलाई पनि कडाइ गर्दै १ हजार १ सय ३५ वटा त्यस्ता उत्पादनको दर्ता र नवीकरण गरिएको छ । मोबाइल प्रयोगशाला भ्यानमार्फत काठमाडौँ उपत्यका भित्रिने नाकाहरूमा तरकारी तथा फलफूलको विषादी परीक्षण र होटल रेष्टुरेन्टको अनुगमन तीव्र पारिएको छ । यद्यपि, गत भदौ २३-२४ गतेको आन्दोलनका क्रममा विराटनगर र धनगढीस्थित कार्यालयका मोबाइल भ्यानमा क्षति पुगेका कारण ती क्षेत्रहरूमा भ्यानमार्फत हुने अनुगमन प्रभावित हुन पुगेको विभागले स्पष्ट पारेको छ ।

वैदेशिक व्यापारलाई व्यवस्थित गर्न विभागले आयात निर्यातमा पनि कडा निगरानी राखेको सूचना अधिकारी शर्माले बताइन् । अर्धवार्षिक अवधिमा ७ हजार ८ सय ७३ वटा खाद्य पदार्थको आयात अनुमतिपत्र जारी गरिएको छ भने मापदण्ड पूरा नभएका २२९ वटा कन्साइन्मेन्टहरूको अनुमति अस्वीकृत गरिएको छ ।

उनका अनुसार नाकाहरूमा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयहरूले २९ हजार २ सय ४५ वटा आयातित नमूनाको विश्लेषण गरेकोमा २२ वटा नमूना प्रतिकूल पाइएका थिए । निर्यात सहजीकरणतर्फ छुर्पी, चाउचाउ, चिया, कफी, जडिबुटी लगायतका वस्तुहरूका लागि प्रयोगशाला परीक्षण गरी प्रमाणपत्र र हेल्थ सर्टिफिकेट जारी गरिएको छ ।

खाद्य वस्तुको गुणस्तर मापदण्ड निर्धारणमा परम्परागत खाद्य पदार्थ छुर्पी र मस्यौराको अनिवार्य गुणस्तर मापदण्ड राजपत्रमा प्रकाशित भइसकेको छ भने रोल्ड ओट्सको मापदण्ड पनि प्रकाशित भएको छ । यस्तै, गुन्द्रुकको अनिवार्य गुणस्तर मापदण्ड मन्त्रिपरिषद्रुमा सिफारिस भई विश्व व्यापार संगठनमा नोटिफिकेसन पठाइएको छ ।

विषादी अवशेष परीक्षणतर्फ नाकाहरूमा ३४ हजार ८ सय ५५ नमूना परीक्षण गर्दा १९ वटामा र आन्तरिक बजारमा १ हजार २ सय ५३ नमूना परीक्षण गर्दा एउटामा प्रतिकूल नतिजा देखिएको छ । काठमाडौँको सीतापाइलामा गरिएको परीक्षणमा रायोको सागमा विषादीको मात्रा तोकिएको मापदण्डभन्दा बढी पाइएको थियो । विभागले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ र दाना पदार्थ ऐन, २०३३ को प्रभावकारी कार्यान्वयन गर्दै उपभोक्ताको स्वास्थ्य र क्षाका लागि ४३ वटा कार्यालयमार्फत निरन्तर निगरानी गरिरहेको जनाएको छ । *(स्रोतः अनलाइनखबर)*

# सौहार्दपूर्ण होली खेल्न जिल्ला प्रशासनको आग्रह

समाज संवाददाता

हेटौँडाः फागुपूर्णिमा (होली पर्व) भिडभाड हुनेगरी नमनाउन जिल्ला प्रशासन कार्यालय मकवानपुरले आग्रह गरेको छ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रचारप्रसार तथा मौन अवधिभित्र फागुन १८ र १९ गते होली परेकाले निर्वाचन आचारसंहिता तथा सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै आपसी सद्भाव, शान्ति र सौहार्दपूर्ण वातावरणमा होली खेल्न प्रशासन कार्यालयले आग्रह गरेको हो ।

बिहीबार जिल्ला प्रशासन कार्यालय मकवानपुरको सहायक प्रमुख जिल्ला अधिकारीले हस्ताक्षर गर्नुभएको सूचनामा होली/फागु पर्वलाई धार्मिक एवम् सांस्कृतिक दृष्टिले मर्यादित, सभ्य र अनुशासित ढंगले मनाउनुका साथै निर्वाचनको सुरक्षा र निर्वाचन आचारसंहिता पालना गर्न आह्वान गरिएको छ । होलीको समयमा हुन सक्ने अवाञ्छित गतिविधि तथा सो पर्वका कारण निर्वाचन सुरक्षामा पर्न सक्ने प्रभावलाई मध्यनजर गर्दै जिल्ला सुरक्षा समितिले राजनीतिक दल, उम्मेदवार, दलका प्रतिनिधि, धार्मिक संघसंस्था, आमनागरिक तथा सरोकारवाला सबैलाई आग्रह गरेको सूचनामा जनाइएको छ ।

सूचनामा निर्वाचन आचारसंहिता २०८२ को पूर्ण परिपालन गर्ने तथा आचारसंहिता उल्लंघन भएको जानकारी उपलब्ध गराउन पनि आग्रह गरिएको छ । होलीको दिन भिडभाड हुने कुनै पनि कार्यक्रम नगर्न र नगराउन आग्रह गर्दै गर्नुनै पर्ने भएमा जिल्ला प्रशासन कार्यालयबाट अनिवार्य अनुमति लिन सूचनामा भनिएको छ ।

पर्व मनाउने नाममा कसैको इच्छाविपरीत जबरजस्ती, अमर्यादित तथा उच्छृङ्खल व्यवहार नगर्न सूचनामा आग्रह गरिएको छ । मादक पदार्थ तथा नशालु पदार्थ सेवन नगर्न, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाउन, सार्वजनिक स्थलमा होहल्ला नगर्न तथा चर्को आवाजमा बाजा (डिजे) नबजाउन प्रशासनले अनुरोध गरेको छ । छरछिमेकलाई असर पर्ने खालका कुनै पनि कार्य नगर्न, पटाका पड्काउने तथा आतिसबाजीजस्ता क्रियाकलाप नगर्न पनि सूचनामा आग्रह गरिएको छ ।

धार्मिक सहिष्णुता, आपसी सद्भाव कायम राखी होली तथा रंगहरुको पर्व मनाउने र कसैको इच्छा तथा मर्यादा विपरीत रङ दल्ने, होला हान्ने, फोहर पदार्थले छ्याप्ने, दुःख हैरानी तथा कष्ट दिने कुनै पनि कानुन विपरीतका कार्य नगर्न र नगराउन सूचनामा उल्लेख छ । प्रचलित कानुन विपरीत कार्य कसैले गरे, गराएको पाइएमा प्रचलित कानुन तथा निर्वाचन आचारसंहिता बमोजिम कडाभन्दा कडा कारबाही हुने सूचनामा उल्लेख छ ।

# मकवानपुरका कराँते प्रशिक्षक भोलोन र लामाको बिदाइ

समाज संवाददाता

हेटौँडाः नेपाल सितोरियो कराँते संघ मकवानपुरले आफ्ना दुई भोलेन्टियर प्रशिक्षकहरूलाई बिदाइ गरेको छ । विगत लामो समयदेखि खेलाडी र प्रशिक्षकको दोहोरो जिम्मेवारी निभाउँदै आएका सविन भोलोन र बुद्ध लामालाई बुधबार बिदाइ गरिएको हो ।

विशेष कामको सिलसिलामा जिल्ला बाहिर जान लागेका उनीहरूलाई हेटौँडा-४ स्थित संघको कार्यालयमा बुधबार बिदाइ गरिएको हो । बिदाइ कार्यक्रममा नेपाल सितोरियो कराँते संघ मकवानपुरका अध्यक्ष दीपक लामा, सल्लाहकार विशालराज महत र नगर अध्यक्ष दामोदर दहालको उपस्थिति रहेको थियो । जिल्ला अध्यक्ष लामाले जिल्लादेखि राष्ट्रियस्तरका खेलाडी उत्पादनमा प्रशिक्षक भोलोन र लामाले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

प्रशिक्षक भोलोनले संघलाई आवश्यक परेको खण्डमा आफूहरु सधैँ सहयोग गर्न तयार रहेको बताउनुभयो । प्रशिक्षकद्वय बाहिरिएसँगै अब डोजोको प्रशिक्षण कार्यलाई वरिष्ठ प्रशिक्षकद्वय तुकेन्द्रमान श्रेष्ठ र मुकुन्दमान श्रेष्ठले निरन्तरता दिने संघले जनाएको छ ।

# मोटरसाइकलको ठक्करबाट बालक घाइते

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय नजिक भित्री सडकखण्डमा मोटरसाइकलको ठक्करबाट एक बालक घाइते भएका छन् । मंगलबार दिउँसो हेटौँडा क्याम्पसतर्फबाट हुप्रचौरतर्फ जाँदै गरेको ना ४४ प ५११७ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा एक जना बालक घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

मोटरसाइकलको ठक्करबाट बारा जिल्लाको कलैया उपमहानगरपालिका घर भई हाल हेटौँडा-४, हुप्रचौर डेरामा बस्दै आएका ६ वर्षीय शाकिव मिया अन्सारी घाइते भएका छन् । निजका बुबा शेरदिल मिया अन्सारी र मोटरसाइकल चालक हेटौँडा-१८, हर्नामाडी बस्ने अंकित अधिकारी उपचारमा संलग्न रहेका छन् ।

घाइते अन्सारीलाई हेटौँडा अस्पतालमा सामान्य उपचारपश्चात मंगलबार राति ७ बजेर ३० मिनेटको समयमा नयाँ मेडिकल कलेज भरतपुर रिफर गरिएको प्रहरीले जनाएको छ ।

# म्यानेजमेन्टको ह्याकाथन प्रतियोगिता सम्पन्न

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसल साइन्सेसमा ह्याकाथन 'एनिग्मा' प्रतियोगिता सम्पन्न भएको छ । एआईमार्फत शिक्षामा रूपान्तरण भन्ने मुल नाराका साथ नवोदय इनोभेसन सेन्टरको प्रायोजनमा सोमबारदेखि सुरु भएको प्रतियोगिता बुधबार सम्पन्न भएको हो ।

प्रतियोगितामा समूह जी-वन प्रथम, द बी डायरी फाइल्स समूह द्वितीय र एभेन्जर्स एसेम्बल समूहले तृतीय स्थान हासिल गरेको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका समूहहरुले क्रमशः २५ हजार, १५ हजार र १० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।

कलेजको सूचना प्रविधि विभाग र विद्यार्थी विकास केन्द्रले प्रतियोगिताको आयोजना गरेको थियो । कलेजमा स्नातक तह तेस्रो र चौथो वर्षमा अध्ययनरत सूचना प्रविधि संकाय (बीआईएम र बीसीए) का ८० जना विद्यार्थीहरुले प्रतियोगितामा भाग लिएका थिए । सहभागी विद्यार्थीहरूलाई १६ वटा समूहमा विभाजन गरिएको थियो । प्रतियोगितामा सहभागी विद्यार्थीहरुले मेन्टरसिप (परामर्श), अवधारणा विकास र प्रोटोटाइप निर्माण गरेर प्रस्तुतिकरण गरेका थिए ।

शिक्षा क्षेत्रलाई आधुनिक बनाउन आर्टिफिसियल इन्टेलिजेन्समा आधारित नवीन समाधानहरू विकास गर्नु प्रतियोगिताको मुख्य उद्देश्य थियो । यस्ता प्रतियोगिताहरुमार्फत नवीनतालाई प्रोत्साहन गर्न र विद्यार्थीलाई सशक्त बनाउ सधैँ प्रतिबद्ध रहेको कलेजले जनाएको छ ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

हेटौँडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सूचना !! सूचना !! सूचना !!

Biometric Verification गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिकाको च.नं. ३६०३ को मिति २०८२/१०/२५ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीहरुले नयाँ निवेदन दर्ता तथा नवीकरण गर्दा Biometric verification गरेकोमा विविध कारणले Biometric verification नभएका सम्पूर्ण लाभग्राहीहरुको Biometric verification फागुन १ गते देखि १५ गतेसम्म गर्नुपर्ने भएको र फागुन १५ गतेभित्र Biometric verification नभएका लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नआउने हुनाले यथाशिघ्र यस वडा कार्यालयमा सम्पर्क राखी Biometric verification गर्न गराउन हुनका साथै सो अवधिमा Biometric verification नगरेमा सामाजिक सुरक्षा भत्ता नपाईने हुँदा सो को जिम्मेवारी सोही लाभग्राही रहने व्यहोरा निर्देशनअनुसार जानकारीका लागि यसै सूचनाद्वारा सम्बन्धित सबैमा सूचित गराईन्छ ।

९ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका मकवानपुर
बागमती प्रदेश, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ